४२२-४३४

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं.४५३ /२०७२/०७३
निर्णय नं. ५३४

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), कुश्मा नगरपालिका कार्यालय, कुश्मा,पर्वत ............१ विपक्षी

सूचना अधिकारी, कुश्मा नगरपालिका कार्यालय, कुश्मा, पर्वत ....................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले कुश्मा नगरपालिका कार्यालय, कुश्मा, पर्वत समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम कुश्मा नगरपालिका कार्यालय, कुश्मा, पर्वतलाई मिति २०७२।०७।२९, च.नं. ४४४ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त कुश्मा नगरपालिका कार्यालय, कुश्मा, पर्वतको मिति २०७२।०९।०७, च.नं. २४८६, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगलाई प्रेषित गरी पठाईएकाले यस्को छाँयाप्रति पुनरावेदकलाई उपलब्ध गराउनू । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०६ गते रोज ४ शुभम् ।